फोन नं.: ०२३-४५२१७४
इमेल: dgao.jhapa@ag.gov.np
वेबसाइट: www.ag.gov.np

# जिल्ला सरकारी वकील कार्यालय

भद्रपुर, झापा

पत्र संख्याः- ०८१/०८२
चलानी नं.:- १०५०८

मितिः- २०८२/०२/२१

**विषय: सम्पर्क व्यक्ति तोकिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सत्य निरुपण तथा मेलमिलाप आयोग, काठमाडौंको सूचना एवं महान्यायाधिवक्ताको कार्यालयको मिति २०८२/०२/०८ को निर्देशन पत्र बमोजिम सशस्त्र द्वन्द्वको क्रममा जबरजस्ती करणी वा गम्भीर यौजजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट यसअघि छुट भएका उजुरी संकलन गर्नका लागि झापा जिल्लाको हकमा यस जिल्ला सरकारी वकील कार्यालय, झापाका सहायक जिल्ला न्यायाधिवक्ता **श्री विजय कुमार रम्तेल (मोबाइल नं. 9852681823)** लाई सम्पर्क व्यक्ति तोकिएको व्यहोरा सादर अनुरोध छ ।

.............................
(खडिन्द्र राज कटुवाल)
जिल्ला न्यायाधिवक्ता

**बोधार्थः-**

श्री सत्य निरुपण तथा मेलमिलाप आयोग, हाँडीगाउँ, काठमाडौं ।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, झापा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, झापा ।
} *सूचना सम्प्रेषणको लागि आवश्यक सहजीकरण गरिदिनुहुन ।*

सूचना नं. १

## सत्य निरूपण तथा मेलमिलाप आयोग
## हाँडीगाउँ, काठमाण्डौं
# उजुरी माग सम्बन्धी सूचना

*बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को तेस्रो संशोधनद्वारा सो ऐनको दफा १३ मा थप भएको उपदफा (६क) मा "अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट यस अघि उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी उजुरी माग गर्नेछ" भन्ने व्यवस्था रहेको। यस आयोगमा मिति २०८२।०२।०४ मा अध्यक्ष तथा सदस्यको नियुक्ति भएको हुँदा सशस्त्र द्वन्द्वको क्रममा जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट यस अघि उजुरी दिन छुट भएको भए यो सूचना प्रकाशित भएको मितिले तीन महिना अर्थात् मिति २०८२।०५।०५ भित्र काठमाण्डौं महानगरपालिका वडा नं. ५, हाँडीगाउँमा रहेको आयोगको कार्यालयमा वा आयोगको इमेल ठेगाना trcbabarmahal@gmail.com मा वा सम्बन्धित जिल्लाको जिल्ला सरकारी वकिल कार्यालय मार्फत देहायको ढाँचामा उजुरी दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिने उजुरीको ढाँचा

१. उजुरीकर्ताको,-

(क) नाम, थर :-

(ख) ठेगाना-

(अ) स्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(आ) अस्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(इ) टेलिफोन, मोवाइल नं. इमेल :-

२. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेको व्यक्तिको,-

(क) नाम, थर :-

(ख) ठेगाना :-

(अ) स्थायीः

(आ) अस्थायीः

(इ) टेलिफोन, मोवाइल नं, इमेलः

(ग) पारिवारिक विवरण :-

(घ) पेशा :-

(ङ) हालको अवस्था :-

(च) जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा भएको स्थान, मिति र समय :-

(छ) उमेर :-

३. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा गर्ने पक्ष, व्यक्तिको थाहा भएसम्मको

(क) नाम, थर, ठेगाना र हुलियाः-

(ख) तत्काल वा हाल कुनै कार्यालयमा कार्यरत भए तत्काल कार्यरत वा हाल कार्यरत कार्यालयको नाम र ठेगानाः-

४. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्बन्धी उजुरीको व्यहोरा :-

५. घटनासँग सम्वन्धित सवूद प्रमाण :-

(क) देख्ने :-

(ख) सुन्ने :-

(ग) कागज :-

(घ) तस्वीर :-

(ङ) अन्य :-

६. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्बन्धी अन्य कुनै कुरा भए सोको विवरण :-

७. यस विषयमा अन्य कुनै निकायमा उजुरी गरेको भएमा उजुरी गरेको निकाय, भएको कारवाहीको विवरण र पुनः उजूरी दिनुको कारण :-

८. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून वमोजिम सहुँला, वुझाउँला।

उजुरीकर्ताको,-

दस्तखत :-

मिति :-

द्रष्टव्यः (१) उजुरीकर्ताले नाम, थर, वतन गोप्य राख्न चाहेकोमा सो व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(२) माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ।

(३) उजुरी आह्वान सम्वन्धी थप जानकारीका लागि आयोगको इमेल trcbabarmahal@gmail.com तथा टेलिफोन नम्बर ०१-४५३०११६ मा सम्पर्क गर्न सकिने छ।